महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ सङ्ख्या: ५ मितिः २०८१-१२-२८

## भाग –२

महाभारत गाउँपालिका

## जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीसको नोट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

प्रस्तावनाः

महाभारत गाउँपालिकाको आ.व. २०८१।८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा कफी रोप्न चाहने कृषकहरुलाई प्रोत्साहनका लागि कफी विरुवा रोपन संख्यामा आधारित अनुदान वितरण गर्न बजेटको व्यवस्था भएको, कफीको क्षेत्र विस्तार तथा व्यवस्थित बगैंचा स्थापना गरी महाभारत गाउँपालिकाका कृषकहरुको दीगो आर्थिक विकास गर्न, "**जसले रोप्छ कफीको बोट उसले पाउँछ रु .बीसको नोट**" अनुदान वितरण

कार्यक्रमलाई महाभारत गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गर्न प्रशासकीय कार्यविधि ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरी "**जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीस (२०) को नोट**" कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ गाउँकार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद-१: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम " **जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीस (२०) को नोट**" कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

२. यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. गाउँपालिका" भन्नाले महाभारत गाउँपालिका सम्झनु पर्दछ।

ख. कफी रोप्ने सहकारी संस्था" भन्नाले कफी खेती गर्दै आएका र कफी खेती गर्न चाहने बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी र कृषि सहकारी संस्थालाई समेत सम्झनु पर्दछ।

ग. "कफी नर्सरी" भन्नाले सम्बन्धित निकायमा दर्ता भई कफी बिरुवा उत्पादन कृषकहरूसँग कफी बिरुवा वितरण सम्बन्धी कार्य गरिरहेको संस्था सम्झनु पर्दछ।

घ. "कृषक समूह" भन्नाले कफी खेती गर्ने उद्देश्य लिई २० जना वा सो भन्दा बढी स्थानीय कृषकहरुको संगठित समुहलाई सम्झनु पर्छ।

ङ. "साझेदार संस्था" भन्नाले कार्यक्रम कार्यान्वयनको लागि अन्तिम छनौटमा परेका कफी खेती गर्न चाहने सहकारी संस्था वा कफी नर्सरी वा कृषक समूह सम्झनु पर्दछ।

च. "अनुदान" भन्नाले गाउँपालिकाबाट कफी रोपनीमा आधारित कृषकलाई दिईने निश्चित रकम भन्ने सम्झनु पर्छ।

छ. "कार्यक्रम" भन्नाले "**जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीस (२०) को नोट**" अनुदान वितरण कार्यक्रम सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क. प्रोत्साहन वितरण नीतिलाई प्रक्रियामूखीबाट परिणाममूखीतर्फ लैजाने।

ख. कफी विस्तार कार्यलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दीगो तथा व्यवसायिक बनाउन प्रोत्साहन गरी आर्थिक विकास गर्ने।

ग. प्रोत्साहन रकमको सही र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।

घ. कफी क्षेत्र विस्तार गरी कृषकहरुको कफी उत्पादन वृद्दि गर्ने ।

ङ. गाउँपालिकाको प्रतिवद्धता अनुरुप कफी खेती बिस्तारको माध्यामबाट किसानको उत्पादन वृद्धि गर्दै आर्थिक वृद्धि गरी नागरिकको जीवनस्तर सुधार गर्न ।

## परिच्छेद-२: संस्थागत व्यवस्था

४. प्राविधिक तथा सिफारिस समितिको गठन

१. अनुदानको वितरणलाई पारदर्शी र प्रभावकारीताको लागि प्रत्येक वडामा सहकारी तथा समूहमा प्राविधिक तथा सिफारिस समितिको गठन हुनेछ । जसमा देहाय बमोजिमको पदाधिकारी रहनेछ:

संयोजक : सम्बन्धित वडाको वडा अध्यक्ष

सदस्य : सम्बन्धित वडा अध्यक्षबाट तोकिएको प्रतिनिधि एक जना महिला सहित २ जना

सदस्यद सचिव : सम्बन्धित वडाको कृषि प्राविधिक १

२. प्राविधिक तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः

क. प्रत्येक कफी रोप्ने कृषकबाट दैनिक तथा मासिक खाडलको रेकर्ड राख्ने, कृषक र कफी सहकारी/समूह दुवै पक्षले अभिलेखीकरण तथा उचित व्यवस्थापनको लागि सहयोग गर्ने ।

ख. कफी रोप्न तयार भएका खाडलको परिमाण एकिन गर्न अनुगमन तथा निरीक्षण गर्ने ।

ग. कफी सहकारी/समूह र कफी खेती गर्ने कृषकको विवरण निरीक्षण गर्ने ।

घ. कफी सहकारी/समूहको विवरण अनुसार प्रत्येक कृषकले प्रति बिरुवाको दरले पाउने अनुदानका लागि तोकिएको सहकारी/समुह मार्फत अनुदान वितरणका लागि गाउँपालिकाको सम्बन्धित शाखामा सिफारिस गर्ने ।

ङ. अनुदानका लागि सिफारिस अनुसूची-१ बमोजिम हुनेछ ।

## परिच्छेद ३: कार्यक्रम सञ्चालन प्रकृया

५. "**जसले रोप्छ कफीको बोट उसले पाउँछ रु. बीसको नोट**" कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१. रोपनमा आधारित अनुदान बारे कफी रोप्ने कृषकहरुलाई जानकारीका लागि वडा कार्यालयले सूचना प्रकाशित गरिनेछ।

२. अनुदान सम्बन्धि जानकारी स्थानीय एफ.एम, पत्रपत्रिका तथा विद्युत्तीय माध्यममार्फत प्रचारप्रसार गरिनेछ ।

३. अनुदान दिईने जानकारी सम्बन्धि सूचनामा प्रति बोट पाउने अनुदानको रकम समेत उल्लेख गर्नु पर्नेछ ।

महाभारत गाउँपालिका

६. आवेदन माग तथा दर्ता गर्ने विधिः

१. सबै कफी सहकारी/समूहहरुलाई "**जसले रोप्छ कफीको बोट उसले पाउँछ रु. बीसको नोट**" आधारित अनुदान कार्यक्रममा सहभागी हुनको लागि कम्तीमा ७ दिनको सूचना जारी गरी आवेदन माग गरिनेछ ।

२. उपदफा (१) बमोजिमको सूचना सबै कफी सहकारी/समूहहरुलाई सार्वजनिक सूचना मार्फत जानकारी गराईनेछ ।

३. आवेदन मागको सूचना सम्बन्धित वडा कार्यालय मार्फत जारी गरिनेछ । साथै वडा कार्यालय मार्फत साझेदारीका लागि दर्ता गरिनेछ ।

४. अनुदान वितरण कार्यक्रममा सहभागीको लागि कफी सहकारी/समूहले अनुसूची-२ बमोजिम गाउँपालिकामा आवेदन पेश गर्नु पर्नेछ ।

७. कफी सहकारी/समूहको विवरण अध्यावधिक तथा पेश गर्नेः

१. गाउँपालिकाभित्र रहेका सबै कफी सहकारी/समूहहरुको विवरण अध्यावधिक गरी गाउँपालिकाको अनुदान वितरण गर्ने कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

२. सहकारी/सममूहको विवरण हरेक बर्ष असोज महिनाभित्र सहकारी दर्ताको नवीकरण, लेखापरीक्षण, कर चुक्ता प्रमाणपत्र र संक्षिप्त वार्षिक प्रगतिको विवरण अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ ।

३. उपदफा (१) र (२) बमोजिम आवश्यक कागजातहरु सम्बन्धित कफी सहकारी/समूहले गाउँपालिकाको कृषि विकास शाखामा पेश तथा सूचीकृत गरे पश्चात कार्यक्रममा सहभागीको लागि योग्य हुनेछ ।

८. कफी सहकारी/समूह र गाउँपालिकावीच सम्झौता सम्बन्धी व्यवस्थाः

१. "**जसले रोप्छ कफीको बोट उसले पाउँछ रु. बीसको नोट**" आधारित कफीमा अनुदान वितरणका लागि गाउँपालिकाभित्र रहेका कफी सहकारी/समूहहरु र गाउँपालिकावीचमा वार्षिक सम्झौता गर्नु पर्नेछ ।

२. कफी सहकारी/समूहसँग सम्झौताका लागि दफा ७ को उपदफा (१) र (२) बमोजिम आवश्यक योग्यता पुरा भएको हुनु पर्नेछ ।

३. कफी सहकारी/समूह र गाउँपालिकावीच प्रत्येक आर्थिक वर्षको सुरुवातमा अनुसूची-३ बमोजिम सम्झौता हुनेछ ।

९. कफी खेती गर्न चाहने कृषकहरुको खाडल तथा कफी रोपेको रेकर्ड तथा अभिलेखिकरणः

महाभारत गाउँपालिका

१. प्रत्येक कफी सहकारी/समूहले कफी नयाँ बिरुवा रोप्ने कृषकहरुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ। अभिलेख राख्दा अनुसूची - ४ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

२. सहकारी/समूहले कफी खेती गर्ने कृषकहरुको विवरण राख्दा रोपेको कफीको परिमाण खोल्ने गरी अभिलेख राख्नु पर्नेछ।

३. उपदफा (२) बमोजिमको अभिलेखको विवरण वार्षिक रुपमा प्रष्ट देखिने गरी राख्नु पर्नेछ।

१०. अनुदानको व्यवस्थाः

१. कफी क्षेत्र विस्तारमा कृषकलाई प्रोत्साहन तथा कफी उत्पादन बृद्धिको लागि प्रत्येक वर्ष गाउँपालिकाले निश्चित बजेट विनियोजन गरिनेछ।

२. विनियोजित बजेटबाट अनुदानको वितरण प्रत्येक कफी खेती गर्ने कृषकहरुलाई **रोपनको** आधारमा अनुदान तथा कफी बिरुवा प्राविधिक तथा सिफनरिस समितिको निर्णय र सिफारिस अनुसार अनुदान तथा कफी बिरुवा वितरण गरिनेछ।

३. कफीको बिरुवा सम्बन्धित वडा कार्यालयबाट वितरण गरिनेछ।

४. प्रति बोट कफीमा दिईने अनुदानको रकम (दर) अनुदान दिईने सूचना बमोजिम हुनेछ।

महाभारत गाउँपालिका

५. गाउँपालिकाबाट प्राप्त अनुदानको रकम वितरण गर्ने जिम्मेवारी साझेदारी समूह र सहकारी संस्थाको हुनेछ ।

११. अनुगमन तथा मूल्याङ्कनः

क. कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन आवधिक, नियमित अनुगमन र मूल्याङ्कन गाउँपालिका  र आर्थिक विकास समितिले गर्नेछ ।

## परिच्छेद-४: आर्थिक पक्ष

१२. अनुदान वितरण सम्बन्धी व्यवस्थाः

१. गाउँपालिकाभित्र कफी सहकारी/समूहमा आबद्ध सबै कफी खेती गर्ने कृषकहरु अनुदानको लागि योग्य हुनेछन् तर अनुदानका लागि कफी  रोपेको विवरण र प्राविधिक तथा सिफारिस समितिको निर्णय अनिवार्य शर्तको रुपमा मानिनेछ ।

२. अनुदानको रकम सम्बन्धित सहकारी/समूहको बैंक खातामा गाउँपालिकाबाट निकासा गरिनेछ र उक्त संस्थाले कफी रोप्ने कृषकहरुको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

महाभारत गाउँपालिका

३. उपदफा (२) बमोजिम अनुदान वितरणका लागि तोकिएको साझेदार सहकारी वा समूहमा आबद्धता अनिवार्य हुनेछ, अन्यको हकमा अनुदान रकमका लागि योग्य हुने छैन।

१३. अनुदान निकासा तथा वितरण

१. गाउँपालिकाबाट प्राप्त अनुदानको रकम साझेदार सहकारी संस्था/समूहले अनुदान रकम निकासा भएको मितिले १५ दिनभित्र सम्बन्धित कफी रोप्ने कृषकहरुलाई अनुदान वितरण गरिसक्नु पर्नेछ।

२. साझेदार सहकारी संस्था समुहलाई अनुदान वितरण कार्यक्रममा सहजीकरणका तथा कार्यक्रम सञ्चालन तथा लाग्ने खर्च व्यवस्थापनका लागि अनुदान वितरणको अनुपातमा निश्चित प्रतिशत रकम गाउँपालिकाबाट आवश्यक्ताका आधारमा दिन सकिनेछ।

३. उपदफा (२) बमोजिमको निश्चित रकमको व्यवस्था गाउँ कार्यपालिकाको निर्णय तथा साझेदार सहकारी संस्था र गाउँपालिकावीच हुने साझेदारी सम्झौता बमोजिम हुनेछ।

१४. अनुदान निकासको लागि समूहले पेश गर्नुपर्ने कागजातहरुः

१. सम्बन्धित वडा कार्यालयको सिफारिस।

महाभारत गाउँपालिका

२. अनुसूची-४ बमोजिम कफी रोपेको विवरण।

३. प्राविधिक तथा सिफारिस समितिको निर्णय तथा सिफारिस

४. कृषक समूहको निर्णय।

५. कफी रोपेको तथा खाडल खनेको फोटो।

६. सम्बन्धित साझेदार संस्गाको बैंक खाता नम्बर तथा चेकको प्रतिलिपी।

१५. बैंक तथा लेखा व्यवस्थापनः

१. साझेदार सहकारीले कफी खेती गर्ने कृषकहरुको अनुदान रकम निकासा तथा वितरणका लागि पारदर्शिता र व्यवस्थित बनाउन सहकारी समूहले पायक पर्ने बैंकमा छुट्टै खाता खोल्नु पर्नेछ।

२. साझेदार सहकारी संस्था समूहले कफी खेती गर्ने कृषकहरुलाई भुक्तानी गरिएको अनुदानको विवरण सम्बन्धित वडाको प्राविधिक तथा सिफारिस समितिले प्रमाणित गरी १ महिनाभित्र वा गाउँपालिकाले माग गरिएको समयभित्र पेश गर्नु पर्नेछ।

३. सहकारी/समूहको खाता व्यवस्थापन र लेखापरीक्षण सहकारी ऐन, २०७४, कृषक समूह गठन निर्देशिका २०७६ र प्रचलित ऐन, नियम अनुसार हुनेछ।

## परिच्छेद-५: विविध

१६. कफी खेती गर्ने कृषकहरुलाई अनुदानको सुनिश्चितताः :

१. कफी सहकारी/समूहमा सदस्यता नभएको तर कफी उत्पादन तथा विक्री वितरणमा संलग्न सबै कृषकहरुलाई अनुदानका लागि योग्य हुन तोकिएको साझेदार कृषक समूहहरुमा आबद्ध गराउन पहल गरिनेछ।

२. अनुदान वितरणका लागि तोकिएको साझेदार सहकारी/समूहसँग आबद्ध नभएको तर कफी खेतीमा संलग्न कृषकहरुलाई साझेदार कफी सहकारी तथा कफी समूहमा आबद्धताको लागि सहजीकरण गरिनेछ।

१७. कारबाहीको व्यवस्थाः

यस कार्यक्रम अन्तर्गत कफी खेती गर्ने कृषकहरुलाई वितरण गर्ने अनुदान रकम प्राप्त गर्ने साझेदार सहकारी संस्था/समूहले तोकिएको समयभित्र कृषकहरुलाई वितरण नगरिएको र सम्झौता बमोजिम कार्य नगरिएको पाईएमा निकासा भएको अनुदानको रकम साझेदारी सहकारी संस्था/समूहबाट कानून बमोजिम असुल उपर गरिनेछ र प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ।

महाभारत गाउँपालिका

१८. संशोधनः

यो कार्यविधि समय सापेक्ष एवं आवश्यक आधारमा संशोधन गरिनेछ र कार्यान्वयन सम्बन्धी बाधा अड्चन आएमा गाउँकार्यपालिकाबाट बाधा अड्काउ फुकाउनेछ।

१९. प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

महाभारत गाउँपालिका

# अनुसूची-१

(दफा को ५ उपदफा (१) (ङ) सँग सम्बन्धित)

## अनुदान वितरणका लागि सिफारिसको ढाँचा

श्री महाभारत गाउँपालिका

कृषि विकास शाखा, देविटार, काभ्रे ।

विषय : सिफारिस सम्बन्धमा ।

तपशिल बमोजिमका कफी रोप्ने कृषकहरुलाई ........................... सहकारी कृषक समूह मार्फत अनुदान वितरणको लागि सिफारिस गरिएको छ ।

| क्र .स. | कृषकको नाम | ठेगाना | विरुवा संख्या | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्राविधिक तथा सिफारिस समिति

नाम :

पद :

हस्ताक्षर :

मिति :

नाम :

पद :

हस्ताक्षर :

मिति :



महाभारत गाउँपालिका

## अनुसूची-२

(दफा-९ को उपदफा (३) सँग सम्बन्धित)

अनुदान वितरण कार्यक्रममा सहभागीका लागि सहकारी/समूहले दिने आवेदनको ढाँचा
।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, बागमती प्रदेश, नेपाल ।

विषयः कफी रोपनमा तथा कफी बिरुवामा कृषकहरुलाई दिईने अनुदान वितरणमा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट कफी रोपनमा आधारित कृषकहरुलाई दिइने अनुदान वितरणका लागि मिति २० । । मा प्रकाशित सूचना अनुसार हाम्रो सहकारी संस्था/समूह सो अनुदान वितरणका लागि सहभागी हुन ईच्छुक भएकाले तपशिल बमोजिमको आवश्यक कागजातहरु समेत संलग्न राखि आवेदन पेश गरेका छौं ।

तपशिल

१. सहकारी/समूह दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रति - १
२. सहकारीको प्यान दर्ता प्रमाणपत्रको प्रति - १
३. सहकारी/समूहको संक्षिप्त विवरण प्रति – १
४. व्यक्तिको हकमा नागरिकताको फोटोकपी – १
५. कफी रोप्ने खाडलको फोटो

सहकारी संस्था/समूहको तर्फबाट आधिकारिक
नामः
पदः
दस्तखतः
सम्पर्क नंः
कार्यालयको छापः

अनुसूची-३

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

कफी सहकारी/समूह र महाभारत गाउँपालिकावीच साझेदारी सम्झौताको ढाँचा

महाभारत गाउँपालिका, बागमती प्रदेश (यस पछि प्रथम पक्ष भनिने) र सहकारी समूह, महाभारत गाउँपालिका, वडा नं... (यस पछि दोश्रो पक्ष भनिने) बीच कफी रोपनमा आधारित अनुदान वितरण कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी दुई पक्ष साझेदारी सम्झौता गरिएको छ।

१. स्वीकृत भएको परिमाण अनुसार प्रति बोट रु.... का दरले रु. दोश्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा जम्मा गरी दिनेछ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आबद्ध सदस्य कृषकहरुलाई सिफारिस समितिको सिफारिश अनुसार अनुदान रकम सहकारी संस्था/समुहको खातामा निकासा भएको मितिले १५ दिन भित्र अनुदान वितरण गरिनेछ।

३. दोश्रो पक्षले कफी उत्पादन बृद्धिका लागि प्रथम पक्षबाट गरिने विविध क्रियाकलापहरुमा समन्वय तथा सहजिकरण गरिनेछ।

४. दोश्रो पक्षले कफी रोप्ने कृषकहरुको रेकर्ड तथा अभिलेख " **जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीस (२०) को नोट** कार्यक्रम कार्यान्वय कार्यविधि, २०८१" को अनुसूची-४ बमोजिम अनिवार्य राख्नु पर्नेछ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध श्रोतको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै बखत एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असुल उपर गर्नेछ ।

६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक सत्य हुनु पर्नेछ । साझेदार संस्था/समूहले पेश गरेको विवरण झुट्ठा ठहरिएमा वा पाईएमा दोश्रो पक्षका सञ्चालक समितिका पदाधिकारीहरुबाट प्रचलित कानून बमोजिम असूल उपर गरी ठगीमा कार्वाही गर्न प्रथमले सिफारिस गर्न सकिनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छाप | संस्थाको छाप |
| रोहवर | रोहवर |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

महाभारत गाउँपालिका

अनुसूची-४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

कफी खेती गर्ने कृषकहरुको कफी रोपेको बिरुवाको रेकर्ड ढाँचा

| क्र स | कफी खेती गर्ने कृषकको नाम थर | ठेगाना | रोपेको बिरुवा संख्या | मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

समूह सहकारीको आधिकारीक व्यक्तिको

नामः

दस्तखतः

आज्ञाले,

राम बहादुर तामाङ

प्रमुख प्रशासकीय अधिकृत

महाभारत गाँउपालिका